गौरीगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

## विद्यालय सहयोगी पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०८२

(नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०९।२० )

गौरीगङ्गा नगरपालिका नगर शिक्षा ऐन, २०७६ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी गौरीगङ्गा नगरपालिकाको कार्यपालिकाले आधारभूत तह (कक्षा ८) को पाठ्यक्रमलाई आधार बनाई विद्यालय सहयोगी पदको लिखित परीक्षाको यो पाठ्यक्रम स्वीकृत गरी लागू गरिएको छ।

लिखित परीक्षा योजना

| विषयक्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| वस्तुगत बहुवैकल्पिक प्रश्न | १०० | ५० | ५० | ५०x२ | वस्तुगत बहुवैकल्पिक | १ घण्टा |

अन्तर्वार्ता, शैक्षिक योग्यता र स्थानीय स्थायी बासिन्दा वापतको अङ्क

| क्र.सं. | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | अन्तर्वार्ता | १० | अन्तर्वार्ताको अङ्क दिदा कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ३५% भन्दा कम दिनुपर्ने भएमा स्पष्ट कारण खुलाउनु पर्नेछ । |
| २ | शैक्षिक योग्यता | ५ | शैक्षिक योग्यता वापत सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३ अङ्क र द्बितीय श्रेणी भए २ अङ्क तृतीय श्रेणी भए १ कङ्क र सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए २ अङ्क र द्बितीय श्रेणी भए १ अङ्क दिइनेछ। श्रेणी नखुलेकोमा द्बितीय श्रेणी सरह अङ्क प्रदान गरिने छ। GPA वा ग्रेडमा उल्लेख भएमा नेपाल सरकारको प्रचलित लेटर ग्रेडिङ्ग अनुसार अङ्क प्रदान गरिने छ। |
| ३ | स्थानीय | ५ | उम्मेदवार सम्बन्धित वडाको स्थानीय स्थायी बासिन्दा भए एकमुष्ठ ५ अङ्क, गौरीगङ्गा नगरपालिकाको स्थानीय स्थायी बासिन्दा भए ३ अङ्क र कैलाली जिल्लाको स्थायी स्थायी बासिन्दा भएमा १ अङ्क प्रदान गरिनेछ। |
| ४ | अनुभव | ५ | सामुदायिक विद्यालय/कार्यालय/संगठित संस्थामा कार्य गरे वापत प्रति वर्ष ०.५ अंकका दरले बढीमा ५ अङ्क प्रदान गरिनेछ। |
| जम्मा | | २५ | |

द्रष्टव्यः

१) वस्तुगत/बहुवैकल्पिक परीक्षाका लागि १ घण्टा समय निर्धारण गरिएको छ ।

२) वस्तुगत/बहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक उत्तर वापत २०% प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

३) यस पाठ्यक्रम अन्तर्गतका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मितिभन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

४) परीक्षाको सुरूमा वस्तुगत बहुवैकल्पिक मात्र सञ्चालन गरिनेछ । वस्तुगत बहुवैकल्पिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा उत्तीर्ण उम्मेदवारहरुलाई नियमानुसार अन्तर्वार्ताका लागि छनोट गरिनेछ ।

५) यो पाठ्यक्रम नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि गौरीगङ्गा नगरपालिका कैलाली भित्र लागू हुनेछ ।

## पाठ्यक्रमको क्षेत्र परीक्षा प्रणाली अङ्क विभाजन तालिका

| क.सं. | पाठ्यक्रमको क्षेत्र | वस्तुगत बहुबैकल्पिक प्रश्न | | |
|---|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्क | कूल जम्मा |
| १ | सामान्य नेपाली व्याकरण (नाम, सर्वनाम, क्रिया, विशेषण, करण, अकरण, लिङ्ग परिवर्तन) सम्बन्धी सामान्य जानकारी | ५ | १० | नेपाली भाषा क्षेत्र जम्मा प्रश्न सङ्ख्या:१९ पूर्णाङ्क:३८ |
| २ | शब्दार्थ (प्रचलित सामान्य नेपाली शब्द) | ३ | ६ | |
| ३ | वाक्यमा प्रयोग (प्रचलित नेपाली शब्दको) | ३ | ६ | |
| ४ | विपरीतार्थक शब्द (प्रचलित सामान्य नेपाली शब्दको विपरित अर्थ) | ३ | ६ | |
| ५ | शुद्ध लेखन (अशुद्ध गरि लेखिएको सामान्य वाक्यलाई शुद्ध गरि लेख्ने) | ४ | ८ | |
| ६ | नेपालको वर्तमान राष्ट्रिय गान | १ | २ | |
| ७ | सरलीकरण (भाग, गुणन, जोड घटाउको प्रयोग गरी हल गर्ने सामान्य किसिमको) | ३ | ६ | आधारभूत गणितीय सीप जम्मा प्रश्न सङ्ख्या: १८ पूर्णाङ्क:३६ |
| ८ | गणितीय शाब्दिक समस्या (जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न मिल्ने सामान्य किसिमको) | ३ | ६ | |
| ९ | भाग (३ अङ्क सम्मको) | ३ | ६ | |
| १० | गुणन (३ अङ्क सम्मको) | ३ | ६ | |
| ११ | जोड (ठाडो/तेर्सो ३ अङ्क सम्मको) | ३ | ६ | |
| १२ | घटाउ (ठाडो/तेर्सो ३ अङ्क सम्मको) | ३ | ६ | |
| १३ | नेपालको र गौरीगङ्गा नगरपालिकाको भूगोल (क्षेत्रफल, सिमाना, भौगोलिक र राजनीतिक विभाजन-संघ, प्रदेश र स्थानीय तह) | २ | ४ | भूगोल तथा समसामयिक जानकारी जम्मा प्रश्न सङ्ख्या:१३ पूर्णाङ्क:२६ |
| १४ | नेपालका र गौरीगङ्गा नगरपालिकाका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्वका सम्पदाहरुको सामान्य जानकारी | २ | ४ | |
| १५ | नेपालमा प्रचलित र सुदूर पश्चिममा प्रचलित प्रमुख धर्म, भाषा, संस्कृति, जातजाती, जनसङ्ख्या, आदि। | २ | ४ | |
| १६ | गौरीगङ्गा नगरपालिकाका विद्यालय र शिक्षा, युवा तथा खेलकुद शाखा सम्बन्धी जानकारी | १ | २ | |
| १७ | विद्यालय र कार्यालयमा हुने दैनिक प्रशासनिक कामकाज सम्बन्धी जानकारी | २ | ४ | |
| १८ | नेपालमा प्रचलित र सुदूर पश्चिममा प्रचलित प्रमुख धर्म, भाषा, संस्कृति, जातजाती, जनसंख्या, आदि। | २ | ४ | |
| १९ | नेपालका र सुदूरपश्चिम प्रदेशका महत्त्वपूर्ण शिखर, नदी, ताल, कुण्ड, पोखरी, भञ्याङ, झरना, आदि | २ | ४ | |
| | जम्मा | ५० | १०० | |

धन्यवाद।